# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

2027 अप्रिलदेखि सुरु हुने सुइता सिटीको स्कूल सकिएपछि बालबालिकाको हेरचाह गर्ने केन्द्र (गाकुदो) मा बच्चा राख्न चाहने अभिभावकहरूका लागि आवेदन सुरु हुँदैछ।

2027 年４月入室分の吹田市留守家庭児童育成室の申し込みがはじまります

कक्षा 1 देखि 4 सम्म पढ्ने बालबालिका छन् र अभिभावक काम वा अन्य कारणले घरमा बस्न नसक्ने अवस्था छ भने, तोकिएको सर्त पूरा भएमा स्कूल छुटेपछि बालबालिका लाई गाकुदो मा राख्न सकिन्छ।

■ प्रयोग गर्न पाउने उमेर

कक्षा 1 देखि 4 सम्म पढ्ने बालबालिकाहरू

■ प्रयोग गर्न सकिने दिन र समय

| दिन | समय | समय थपेर बच्चा राख्ने सुविधा |
|---|---|---|
| सामान्य स्कूल लाग्ने दिन | स्कूल छुटेपछि बेलुका 5 बजेसम्म | बेलुका 5 बजेदेखि 6:30 बजेसम्म<br>※ केही गाकुदोमा बेलुका 7 बजेसम्म |
| लामो बिदाको दिन (गर्मी बिदा, जाडो बिदा र वसन्त बिदा) | बिहान 8:30 बजेदेखि बेलुका 5 बजेसम्म।<br>※ केही गाकुदोमा बिहान 8 बजेदेखि। | |
| स्कूलको सट्टा बिदा भएको दिन | 8：30 देखि बेलुका 5：00 बजेसम्म | |
| हरेक महिनाको चौथो शनिबार | 8：30 देखि बेलुका 5：00 बजेसम्म<br>※ सार्वजनिक बिदा परेमा गाकुदो बन्द हुन्छ | छैन |

■ प्रयोग शुल्क

बच्चा हेरचाह शुल्क 6000 येन। यसबाहेक, समय थपेर बच्चा राख्दा थप शुल्क र खाजाको शुल्क लाग्छ।

■ आवेदन

2027 अप्रिल 1 देखि गाकुदो प्रयोग गर्न चाहनुहुन्छ भने, 2026 सेप्टेम्बर 25 गते शुक्रबारदेखि अक्टोबर 31 गते शनिबारसम्म तल दिइएको अनलाइन आवेदन फारमबाट आवेदन दिनुहोस्।

URL: https://www.city.suita.osaka.jp/kosodate/1018281/1018276/1034580/1035677/1035681.html

※ आवेदन संख्या तोकिएको क्षमताभन्दा बढी भएमा छनोट गरिनेछ, त्यसैले गाकुदो प्रयोग गर्न नपाउने पनि हुन सक्छ।

प्रयोग गर्न पाउने वा नपाउने भन्ने जानकारी 2027 फेब्रुअरीको मध्यदेखि मार्चको सुरुसम्ममा हुलाकमार्फत पठाइनेछ।

■होमपेज

https://www.city.suita.osaka.jp/kosodate/1018281/1018276/1034580/index.html

■ सम्बन्धित विभाग

क्षेत्रीय शिक्षा विभाग (Chiiki Kyoikubu)

स्कूलपछिको बाल विकास कक्ष(Hokago Kodomo Ikuseishitsu)

फोन: 06-6384-1599

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।